**<u>डुडुवाको तेस्रो गाउँ सभा सम्पन्न</u>**
**<u>रु २४ करोड बढी बजेट पारित</u>**

डुडुवा (बाँके), २५ असार। डुडुवा गाउँपालिकाले आर्थिक वर्ष ०७५÷०७६ को रु २४ करोड ५ लाख ७८ हजारको बजेट पारित गरेको छ। गाउँपालिकाको आज बसेको तेस्रो गाउँसभाले चालु, ससर्त, वित्तिय सामानीकरण र प्रदेश सरकारबाट प्राप्त कुल बजेट पारित गरेको हो।

गाउँपालिका अध्यक्ष नरेन्द्रकुमार चौधरीले विषयगत शिर्षकको बजेट प्रस्तुत गर्नुभएको थियो। प्रस्तुत बजेटमाथी छलफल गरि सर्वसम्मत रुपमा बजेट पारित गरिएको थियो।

संघिय सरकार अनुदानबाट रु २१ करोड ५७ लाख, प्रदेश सरकार अनुदानतर्फ रु १ करोड ८६ लाख ७८ हजार, आन्तरिक आयतर्फ रु ६२ लाख गरि कुल रु २४ करोड ५ लाख ७८ हजारको बजेट रहेको प्रमुख प्रशासकिय अधिकृत नारायण प्रसाद रेग्मीले बताउनुभयो। गाउँपालिकाले असार १० गते ल्याएको निति तथा कार्यक्रममाथी छलफल गरेको आधारमा बजेट विनियोजन गरि गाउँ सभाको बैठकबाट पारित गरेको छ।

गाउँपालिकाको नयाँ आर्थिक वर्षमा शिक्षा, स्वास्थ्य, कृषि पशु स्वास्थ्यका अभियानलाई प्रभावकारी बनाई दिगो बनाउने र विकास निमार्णको कार्यलाई नमुना बनाउने मुख्य प्राथमिकता रहेको छ। यस्तै गाउँ समुदायस्तरमा आर्थिक समृद्धिको विकासतर्फ जोड दिइएको छ।